# महान्यायाधिवक्ताको कार्यालय
नेपाल
(..........कर्मचारी प्रशासन.......... शाखा)

रामशाहपथ, काठमाडौं


पत्र संख्या :- ०७९/०८०

चलानी नं. :- ३०९५

मिति :- २०८०/०३/२६

विषय: अधिकार प्रत्यायोजन भए बमोजिम गर्ने/गराउने सम्बन्धमा।

श्रीमान् नायब महान्यायाधिवक्ताज्यूहरु, महान्यायाधिवक्ताको कार्यालय,
श्री उच्च सरकारी वकील कार्यालय सबै,
श्री विशेष सरकारी वकील कार्यालय काठमाडौं,
श्री जिल्ला सरकारी वकील कार्यालय सबै।

नेपालको संविधानको धारा १५८ को उपधारा (७) तथा सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ४२ को उपनियम (३) ले दिएको अधिकार प्रयोग गरी माननीय महान्यायाधिवक्ताबाट आफूमा निहित अधिकार मातहतका सरकारी वकीलले प्रयोग र पालना गर्ने गरी यस अघी प्रत्यायोजन भएको अधिकारमा मिति २०८०/०४/०१ बाट लागू हुने गरि देहाय बमोजिम हेरफेर गर्ने गरी मिति २०८०/०३/२१ मा निर्णय भएकोले सो बमोजिम गर्न/गराउनका लागि अनुरोध गरिन्छ।

क. मुद्दा चलाउने/नचाउने निर्णय गर्ने/नगर्ने तथा मिलापत्र गर्न आदेश दिने/नदिने सम्बन्धमा:

१. खण्ड ७१) सङ्ख्या २, मिति २०७८/०१/१३को नेपाल राजपत्रभाग ४ मा प्रकाशित सूचनाको,-

(क) प्रकरण १ को खण्ड (ङ) र (च) को सट्टा देहायका खण्ड (ङ) र (च) राखिएका छन:-

"(ङ) खण्ड (क) बमोजिम प्राप्त मिसिल मध्ये आत्महत्या एवं प्रतिवादी नहुने प्रकृतिका अन्य ज्यान मुद्दा, वारदातबाट कसूर भएको देखिएको तर प्रतिवादी खुल्न नआएका अन्य मुद्दा र प्रतिवादी खुलेको भए पनि निजको मृत्यु भइसकेको मुद्दामा मुद्दा नचलाउने अन्तिम निर्णय जिल्ला सरकारी वकील कार्यालयको प्रमुख वा सो हैसियतमा काम गर्ने सरकारी वकीलले गर्ने,

(च) सुरक्षित कारोबार ऐन, २०६३ बमोजिमको कसूर सम्बन्धी मुद्दा र बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ३ को खण्ड (ग) मा उल्लिखित कसूर बाहेक सो ऐन बमोजिमका अन्य कसूर सम्बन्धी मुद्दामा काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाका हकमा अनुसन्धान अधिकारीबाट मुद्दाको अनुसन्धान पूरा भई अनुसन्धान प्रतिवेदनसहित मुद्दा चल्ने वा नचल्ने


☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@ag.gov.np, वेबसाइट: www.ag.gov.np

निर्णयको लागि प्राप्त मिसिल अध्ययन गर्दा विशेष सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता वा निजले तोकेको उपन्यायाधिवक्ता वा सहायक न्यायाधिवक्ताले सबुद प्रमाणको मूल्याङ्कनबाट मुद्दा चलाउनुपर्ने देखेमा आधार र कारणसहित निर्णय गरी सम्बन्धित अदालतमा मुद्दा दायर गर्ने र मुद्दा चलाउनु नपर्ने देखेमा आधार र कारणसहित निर्णय गरी निर्णयको प्रतिलिपिसहित मिसिल महान्यायाधिवक्ताको कार्यालयमा पठाई निकासा भए बमोजिम गर्ने,"

(ख) प्रकरण ५ को सट्टा देहायको प्रकरण ५ राखिएको छः-

"५. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) बमोजिम मिलापत्र गराउन आदेश दिन सकिने प्रकृतिका मुद्दामा मिलापत्र गर्न आदेश दिन सक्ने अधिकार सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ३३ मा उल्लिखित शर्तको अधीनमा रही देहायका सरकारी वकीलले प्रयोग गर्नः-

(क) जिल्ला अदालतमा विचाराधीन मुद्दामा सम्बन्धित जिल्ला सरकारी वकील कार्यालयको प्रमुख वा सो हैसियतमा काम गर्ने सरकारी वकीलले,

(ख) उच्च अदालतमा विचाराधीन मुद्दामा सम्बन्धित उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ताले,

(ग) वैदेशिक रोजगार न्यायाधीकरणमा विचाराधीन मुद्दामा विशेष सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ताले,

(घ) सर्वोच्च अदालतमा विचाराधीन मुद्दामा महान्यायाधिवक्ताको कार्यालयमा सो मुद्दा रहेको महाशाखाको नायब महान्यायाधिवक्ताले।"

२. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) बमोजिम मिलापत्र हुन सक्ने प्रकृतिका नेपाल सरकार वादी हुने मुद्दामा अनुसन्धानकै चरणमा प्रतिवादीले पीडितलाई बुझाउनुपर्ने बिगो, हर्जाना तथा अन्य रकम बुझाई वा अन्य कुनै शर्तमा मुद्दाको कारबाही अगाडी नबढाउन पीडित र प्रतिवादी दुबै पक्ष सहमत भै दिएको निवेदन बमोजिम मातहतको जिल्ला सरकारी वकील कार्यालयबाट मुद्दा नचलाउने गरी प्राप्त भएका मिसिलमा मुद्दा चलाउने वा नचलाउने अन्तिम निर्णय उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ता वा सो हैसियतमा काम गर्ने सरकारी वकीलले गर्ने। विशेष सरकारी वकील कार्यालयबाट महान्यायाधिवक्ताको कार्यालयमा प्राप्त हुने यस प्रकृतिका मुद्दामा सम्बन्धित नायब महान्यायाधिवक्ताले मुद्दा चलाउने वा नचलाउने अन्तिम निर्णय गर्ने।

महान्यायाधिवक्ताको कार्यालय
नेपाल
(........................................ शाखा)
रामशाहपथ, काठमाडौं

पत्र संख्या :- ०७९/०८०
चलानी नं. :- ३०९५

मिति :-..............................

ख. पुनरावेदन गर्ने/नगर्ने सम्बन्धमा:

तीन वर्ष वा सो भन्दा कम कैद सजाय वा पच्चिस लाख रुपैया सम्म विगो दावी लिई अभियोग पत्र दायर भएको मुद्दामा जिल्ला अदालतवाट भएको फैसला उपर पुनरावेदन नगर्ने अन्तिम निकासा उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ता वा सो हैसियतमा काम गर्ने सरकारी वकीलले दिने।

पुनश्चः माथि खण्ड क मा उल्लेख भएको अधिकार प्रत्यायोजन सम्बन्धमा खण्ड ७३) सङ्ख्या १७ मिति २०८०/०३/२५ को नेपाल राजपत्र भाग ४ मा सूचना प्रकाशन भएको तथा उच्च अदालत र विशेष अदालतमा विचाराधिन मुद्दामा क्रमशः उच्च सरकारी वकिल कार्यालय र विशेष सरकारी वकील कार्यालयका सहन्यायाधिवक्तले मिलापत्र गर्न आदेश दिन सक्ने अधिकार खण्ड ७१) सङ्ख्या २, मिति २०७८/०१/१३ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित महान्यायाधिवक्ताको कार्यालयको सूचनाको प्रकरण १ को देहाय खण्ड (ञ) मा उल्लेख भए बमोजिम निजको अनुपस्थितिमा सहन्यायाधिवक्ताको हैसियतमा कामकाज गर्ने सरकारी वकीलले प्रयोग गर्न सक्ने व्यहोरा समेत अनुरोध छ।

अवगतार्थः
माननीय महान्यायाधिवक्ताज्यूको सचिवालय।

२०८०/०३/२६
.....................
(लोकराज पराजुली)
सहन्यायाधिवक्ता
सहन्यायाधिवक्ता